नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् समन्वय शाखा)
सिंहदरबार, काठमाण्डौ

फोन नं. ४२००३१६
www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०८२/८३
च.नं.:- वा.त.वि.स./१६८

मिति:२०८३/०३/११

श्री स्थानीय तह (सबै)

विषयः मनसुन प्रतिकार्य कमाण्ड पोष्टको निर्णय कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प.स. २०८२/८३ च.नं. २०६५, मिति २०८३/०३/११ को मनसुन प्रतिकार्य कमाण्ड पोष्टको निर्णय कार्यान्वनय सम्बन्धी पत्र तथा निर्णयको छाँया प्रति यसै साथ संलग्न छ। संलग्न निर्णयहरुबाट व्यहोरा अवगत गरी आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयका निर्णय कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि अनुरोध छ।

२०८३।०३।११

(नित्यराज भट्टराई)
शाखा अधिकृत

<u>बोधार्थ</u>

श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वेवसाइट तथा पोर्टल मार्फत सबै स्थानीय तहमा प्रेषित गरिदिनहुन)

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या : २०८२/८३
चलानी नं.: २०५७

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः- २०८३/०३/११

विषयः- मनसुन प्रतिकार्य कमाण्ड पोष्टको निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा।

श्री गृह मन्त्रालय, सिंहदरबार।
श्री अर्थ मन्त्रालय, सिंहदरबार।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार।
श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार।
श्री पूर्वाधार विकास मन्त्रालय, सिंहदरबार।
श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार।
श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार।
श्री शिक्षा तथा खेलकुद मन्त्रालय, सिंहदरबार।
श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबार।
श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार।
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार।

प्रस्तुत विषयमा मिति २०८३।०३।१० गते यस प्राधिकरणको सभाहलमा बसेको "मनसुन प्रतिकार्य कमाण्ड पोष्ट"को निर्णयको छाँया प्रति यसै पत्रसाथ संलग्न गरी आवश्यक कार्यार्थ तहाँ पठाइएको बेहोरा आदेशानुसार अनुरोध छ।

२०८३।०३।११
(निरन्जन प्रकाश निरौला)
शाखा अधिकृत

सादर अवगतार्थः
माननीय गृहमन्त्रीज्यूको निजी सचिवालय, गृह मन्त्रालय।
श्रीमान् गृहसचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

## मनसुन प्रतिकार्य कमाण्ड पोष्ट बैठकका निर्णयहरु

(मिति: २०८३/०३/१०)

१. मिति २०८३ वैशाख ३१ गतेको कार्यकारी समितिको ३४औं बैठकबाट पारित मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ कार्यान्वयनको लागि कार्ययोजनामा तोकिएका केन्द्रदेखि स्थानीय तहसम्मका जिम्मेवार सबै निकायमा सम्प्रेषण भइसकेको छ। आज यस बैठकमा उक्त कार्ययोजना कार्यान्वयनको लागि भएका निकायगत तयारीबारे छलफल भयो। कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न एवं कार्यान्वयनको अवस्थाबारे कार्ययोजनामा उल्लेख भए अनुसार प्राधिकरणमा मासिक रुपमा प्रतिवेदन गर्न सम्बद्ध सबै निकायलाई निर्देशन दिने।

२. मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ मा उल्लेखित मनसुन प्रतिकार्य कमाण्ड पोष्टको कार्यजिम्मेवारी कार्यान्वयन गर्न कमाण्ड पोष्टका सबै पदाधिकारीहरुले आ-आफ्नो निकायको भूमिका प्रभावकारी रुपमा निर्वाह गर्ने, गराउने। कमाण्ड पोष्टका सबै पदाधिकारी रहेको WhatsApp ग्रुप तत्काल निर्माण गरी प्रयोगमा ल्याउने।

३. राजमार्गमा हुनसक्ने जोखिम र सार्वजनिक/निजी सवारी साधनको संचालन सम्वन्धमा देहाय बमोजिम गर्ने, गराउने:

(क) मनसुन अवधिभर भारी/अति भारी/धेरै भारी वर्षाका कारण आउन सक्ने बाढी, पहिरो डुबान समेतलाई दृष्टिगत गरी संभावित जोखिम रहेका क्षेत्र, नदी, खोलानाला र पानीको बहाव समेत उच्च हुनसक्ने राष्ट्रिय राजमार्ग, स्थानीय सडक सञ्जालहरु समेत मौसम पूर्वानुमान र प्राधिकरणबाट जारी हुने एड्भाइजरी तथा विपद्को गाम्भिर्यता बमोजिम सार्वजनिक/निजी सवारी साधन संचालनमा आवश्यकता अनुसार रोक लगाउन ७७ वटै जिल्ला सुरक्षा समितिलाई निर्देशन दिन गृह मन्त्रालयलाई अनुरोध गर्ने।

(ख) सडक/राजमार्गमा बाढी, पहिरो, डुबान लगायतका कारणले जुनसुकै बेला जुनसुकै स्थानमा अवरोध आउन सक्ने हुँदा सडक/राजमार्ग तत्काल संचालन गर्न आवश्यक पर्ने हेभी इक्युप्मेन्ट चालकसहित २४सै घण्टा तयारी अवस्थामा राख्न सडक विभाग, सातै प्रदेश सरकार र ७५३ वटै स्थानीय सरकारलाई अनुरोध गर्ने।

(ग) तत्काल खोज, उद्धार तथा राहतमा प्रयोग हुने न्यूनतम सामग्रीहरु समेत तयारी अवस्थामा राख्न र विशेष अवस्थामा सडक अवरुद्ध भई सवारी साधनहरु चल्न नसक्ने परिस्थितिमा कम्तिमा १२

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

कार्यकारी प्रमुख

दिनको लागि खाद्यान्न अभाव नहुने गरी व्यवस्था मिलाउन ७५३ वटै स्थानीय सरकारलाई अनुरोध गर्ने।

४. मनसुन अवधिभर जिल्लास्थित सुरक्षा समिति/विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले आवश्यकता अनुसार सवारी संचालन सम्वन्धमा गरेका निर्णयहरुको कार्यान्वयन गर्न सार्वजनिक सवारी साधन संचालन गर्ने विभिन्न यातायात व्यवसायी महासंघ, ढुवानी/पारवहन सम्बन्धी संघ र निजी सवारी साधनहरुलाई समेत अनुरोध गर्ने। उक्त निर्णय पालना नगर्ने, अटेरी वा बलजफ्ती गरी सवारी संचालन गरेमा प्रचलित कानून बमोजिम कारबाही गर्न सम्वन्धित जिल्ला सुरक्षा समितिलाई निर्देशन दिन गृह मन्त्रालयमा अनुरोध गर्ने।

५. विपद्को बेला खोज तथा उद्धार सामग्रीको अभाव हुन नदिन निजी क्षेत्र, संघसंस्था, नागरिक समाज लगायतसँग सहकार्य र साझेदारी गर्ने मान्यता अनुसार आवश्यक सहयोग गर्न Airlines Operators Association of Nepal (AOAN), Drone Association, Nepal Association of Rafting Agencies (NARA) लगायत निजी क्षेत्रलाई अनुरोध गर्ने।

६. सडक विभागवाट प्राप्त जानकारी अनुसार भारत सरकारवाट प्रतिवद्धता अनुसार वेली व्रिज प्राप्त नहुने (१० वटा प्राप्त हुने भनेकोमा जम्मा २ वटा मात्र प्राप्त हुने सुनिश्चित भएको) देखिएको हुँदा सोको लागि आवश्यक पहलका लागि परराष्ट्र मन्त्रालय लगायत सम्वन्धित अन्य निकायमा अनुरोध गर्ने।

७. समयमै अन्तरदेशीय विपद् (Transboundary Disaster) सम्बन्धी पूर्वसूचना प्राप्त गर्न कूटनीतिक पहलका लागि परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्ने।

८. जल तथा मौसम विज्ञान विभागमा रहेको मौसम तथा बाढी पूर्वानुमान महाशाखा यस मनसुन अवधिभर सातै दिन २४सै घण्टा (७/२४) संचालन गर्ने प्रबन्ध मिलाउन जल तथा मौसम विज्ञान बिभागलाई अनुरोध गर्ने।

९. विपद्को समयमा खाद्य सामग्रीको सुनिश्चितताका लागि Food Item Supply Standby Agreement गरे/नगरेको विवरण तथा गरिसकेको स्थानहरुको हकमा सम्झौताको प्रतिलिपिहरु पठाउन नेपाल रेडक्रस सोसाइटीलाई अनुरोध गर्ने।

१०. मनसुन प्रतिकार्य कमाण्ड पोष्टको बैठक तथा कामकारवाहीलाई थप प्रभावकारी बनाउनका लागि कमाण्ड पोष्टमा तोकिएका सदस्य बाहेक दुई जना वैकल्पिक सदस्य समेत सम्बन्धित निकायले सम्पर्क नम्बरसहित तोकी पठाउने।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

कार्यकारी प्रमुख